# सडक र भवन मापदण्ड सम्बन्धि अन्तरक्रियाका विषयले तय गरेका विषयहरु

गल्कोट नगरपालिकाले आयोजना गरेको सडक मापदण्ड निर्धारण र भवन निर्माण तथा जग्गा ब्यबस्थापन मापदण्ड सम्बन्धि आयोजना गरेको अन्तर्क्रियामा निम्नानुसारका निष्कर्ष निष्केको ब्यहोरा सबैको जानकारीको अनुरोध छ। कुनै राय सुझाव वा सल्लाह वा पृष्ठपोषण भएमा galkotmunicipality@gmail.com मा उपलब्ध गराउनुहुन अनुरोध छ।

## सडक सम्बन्धिः

१. गल्कोट क्षेत्रभित्रका सबै सडकहरुलाई तपसिल बमोजिम विभाजन गर्जे,
   क वर्गः- नगरपालिका रहेको जिल्ला र अर्को जिल्ला जोड्ने वा दुई जिल्ला जोड्ने सडक
   ख वर्गः- पालिका – पालिका जोड्ने सडक
   ग वर्गः- नगरपालिका भित्रका वडा- वडा जोड्ने सडक
   घ वर्गः- वडा भित्रका सहायक सडकहरु
२. उपरोक्त बमोजिमका वर्गहरुमा रहेका सडकहरुको न्यनतम मापदण्ड (सेटव्याक १.५ मिटर बाहेक) तपसिल बमोजिम हुने
   क वर्गः- १४ मि.
   ख वर्गः- ११ मि.
   ग वर्गः- ८ मि.
   घ वर्गः- ६ मि.
३. नगरपालिकाले विशेष महत्वका सडकहरुको मापदण्डलाई विशिष्ट तरिकाले तोक्न सक्ने।

## भवन सम्बन्धिः

१. आवासिय भवन बनाउन कम्तिमा ३ आना जग्गा हुनुपर्ने,
२. न्युनतम उक्त जग्गामा अधिकतम साढे दुई तल्ला भवन बनाउन सकिने
३. उक्त कुल जग्गा मध्ये ७०% जग्गामा Structure बनाउन सकिने, ३०% जग्गा खुला हुनुपर्ने।
४. तल्लाको उचाई ९ देखी १२ फिट सम्मको बनाउनु पर्ने
५. भवनको पछाडी, दाँयावाँया १.५ मिटर सेटव्याक छोड्नुपर्ने, बाँकी रहेको जग्गा भवनको अगाडीको भागमा खुल्ला छोड्नुपर्ने।
६. अन्य ब्यबस्था नक्सापाश कार्यविधि र प्राविधिक विशेषज्ञहरुको राय पश्चात निर्धारण गरिने।